# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या :८ मिति : २०७७/०९/२३

भाग-२

## पनौती नगरपालिकाको

## समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम (संचालन) कार्यविधि २०७७

**प्रस्तावना :** समाजमा रहेका अपाङ्गता भएका व्यक्तिहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकासमा साझेदारी निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्याक्तिहरुको सहभागीता बढाउन बान्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पनौती नगरपालिकाको मिति २०७७/०९/२१ को

कार्यपालिका बैठकले यो कार्यक्रम संचालन सम्वन्धि कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि २०७७ " रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित भए पछि लागु हुने छ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस विधिमा

क) "कार्यालय" भन्नाले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) " कार्यक्रम " भन्नाले नियम ३ बमोजिम सुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सम्झनु पर्दछ ।

ग) "अपाङ्गता" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

घ) "समिति"भन्नाले नियम ४ बमोजिमको सि.वि.आर.समन्वय तथा अनुगमन समिति सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालन :**

(१) यस कार्यविधि बमोजिम समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ।

(२) अपाङ्गता भएका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरुको साझेदारीमा निम्नानुसार कार्यक्रम संचालन गरिनेछ ।

क) कम्तीमा १५ दिनको सुचना प्रकासन गरी पस्ताव आव्हान गरिनेछ ।

ख) अनुसुची १ बमोजिम संस्था छनौट गरिनेछ ।

ग) संस्था पनौती नगरपालिका कार्य क्षेत्र भएको हुनु पर्नेछ ।

## ४. सि.वि.आर समन्वय तथा अनुगमन समिति गठन :

(१) यस कार्यविधि बमोजिम निम्न अनुसारको सि.वि.आर समन्वय तथा अनुगमन समिति गठन गरिनेछ ।

क) नगर उप प्रमुख ............... -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत ........................ -सदस्य

ग) स्थानीय सहकारी रजिस्टार ......................... -सदस्य

घ) अपाङ्गता सम्बन्धि काम गर्ने संघ/संस्थाको प्रतिनिधि (मनोनित गर्ने १ जना)............................ -सदस्य

ङ) अपाङ्गता भएका व्यक्तिका परिवार समितिले (मनोनित गर्ने १ जना)................ -सदस्य

च) महिला शाखा प्रमुख ......................... -सदस्य सचिव

(२) सि.वि.आर समन्वय तथा अनुगमन समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(३) सि.वि.आर समन्वय तथा अनुगमन समितिको बैठक सम्बन्धि कार्यविधिमा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. समितिको अधिकार :** यस कार्यविधि बमोजिम .सि.वि.आर समन्वय तथा अनुगमन समितिको देहाय अनुसारको जिम्मेवारी रहनेछ ।

क) सि.वि.आर कार्यक्रम संचालन गर्न संस्था छनौट गर्ने ।

ख) विषय बिज्ञहरुलाई पनि बैठकमा आमन्त्रीत गर्न सक्ने ।

ग) सि.वि.आर कार्यक्रम संचालन गर्न पेश भएका प्रस्तावना स्वीकृत गर्ने ।

घ) प्रस्तावना अनुसार कार्यक्रम भए नभएको अनुगमन ,पृष्ठपोषण र निर्देशन दिने ।

ङ) सि.वि.आर कार्यक्रम संचालन गरेको संस्थाले लक्ष्य अनुरुप कार्यक्रम नगरेको पाईएमा सम्भौता रद्ध गर्न सक्नेछ ।

च) प्रकृया पुऱ्याएर अन्य संस्थालाई कार्यक्रम संचालन गर्न दिन सक्नेछ ।

६. **अनुदान रकम उपलब्ध गर्न नसकिने अवस्था :** यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायका संस्थाहरुलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

क) यस अघि पनौती नगरपालिकाबाट लिईएको अनुदानको विवरण ( हिसाव) पेश नगरेको ।

ख) अनुगमनबाट कार्यक्रम सन्तोषजनक रुपमा संचालन नगरेको पाईएमा ।

ग) आवश्यक कागजातहरु पेश नगरेमा ।

घ) संस्थाको विवरण पुर्ण रुपमा उल्लेख नगरेमा ।

ङ) गत आ.व.को प्रगति प्रतिवेदन ,लेखा परिक्षण प्रतिवेदन पेश नगरेमा ।

च) पनौती नगरपालिकाले तोकेको समयमा सम्झौता गर्न नआउने संस्था ।

७. **संस्थाले संचालन गर्ने कार्यक्रमहरु :**

१. यस कार्यविधि बमोजिम आपाङ्गता भएका व्यक्तिहरुले कानुनी रुपमा पाउने अधिकार,सेवा सुविधा बारे मद्धत पुर्‍याउने ।

२. पनौती नगरपालिकामा तालिम संचालन गर्दा नगर भित्रका सरोकारवालाहरुसंग समन्वय गरी सेवा प्राप्त गर्न पहल गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।

४. अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि शिक्षा, स्वास्थ्य, रोजगार, व्यवसायीक तालिम जस्ता सेवा उपलब्ध गराउन मद्धत गर्ने ।

५. अपाङ्गता भएका व्यक्ति, परिवारहरुलाई आपाङ्गपन निरोध न्यूनीकरण एवं उपचारात्मक लगायतका सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

८. **अनुदान प्राप्त गर्ने संस्थाको दायित्व :** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले देहायको दायित्व वहन गर्नु पर्नेछ ।

क) प्राप्त अनुदानको हिसाव किताव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ ।

ख) वित्तिय तथा भौतिक विवरण प्रत्येक चौमासिक सकिएको ७ दिन भित्र पनौती नगरपालिकाको महिला शाखामा पेश गर्नु पर्नेछ ।

ग) प्राप्त अनुदानको रकम उपभोग गर्न नसकेमा बाँकी किस्ता निकासा दिन नगरपालिका बाध्य हुनेछैन ।

घ) आ.व. समाप्त भएको मितिले तिन महिना भित्र लेखा परिक्षण गरी प्रतिवेदन र संस्थाको प्रतिकृया सहित पनौती नगरपालिकाको महिला शाखामा पेश गर्नु पर्नेछ ।

## ९. बजेट बाडफाँड :

(१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न प्राप्त रकमलाई देहाय अनुसार बाँडफाँड गरि उल्लेखित खर्च अनुपातमा रहि प्रशासनिक खर्च गर्नु पर्नेछ ।

क) पनौती नगरपालिका मार्फत सि.वि.आर समन्वय तथा अनुगमन समितिको बैठक खर्च १० प्रतिशतमा नबढ्ने गरी खर्च गर्न सकिनेछ ।

ख) महिला शाखाले एक आ.व.मा कम्तिमा २ पटक कार्यक्रम अनुगमन गरि सि.वि.आर समन्वय तथा अनुगमन समितिमा बुझाउनु पर्नेछ । यसका लागि ४ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

ग) संस्थाले जनशक्ति विकास,स्टेशनरी खर्च र प्रतिवेदनको लागि ९ प्रतिशत रकम खर्च गर्न सक्नेछ ।

घ) अपाङ्गता भएका व्यक्तिहरुले व्यवसाय गर्न इच्छुक भएमा सि.वि.आर समन्वय तथा अनुगमन समितिको सिफारिस लिई न्यून आयस्तर र प्राथमिकताको अधारमा प्रति व्यक्ति पेशा व्यवसाय हेरी रु १००००। ( दश हजार) अनुदानका रुपमा उपलब्ध गराउन सकिनेछ । यसका लागि २० प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

ङ) एउटै व्यक्तिलाई पटक पटक तथा अपाङ्गता नभएका व्यक्तिलाई रकम उपलब्ध गराउन पाईने छैन ।

(२) समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन गर्न तोकिए बमोजिमको रकम खर्च गर्न सकिनेछ ।

क) अपाङ्गता भएका व्याक्तिहरुको संभाव्यता खोजीका लागि तथ्यांक अध्यावधिक गर्न र सी.बि.आर नगर समन्वय समिति गठन गर्नका लागि ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

ख) अपाङ्गता रोकथाम र हक अधिकारका विषयमा प्रचार प्रसार सामाग्री उत्पादन, रेडियो, एफ.एम लगायत प्रचार प्रसार तथा प्रशारणका लागि ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

ग) घुम्ती शिविर संचालन गर्न १४ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

घ) अपाङ्गता भएका बालबालिका विद्यालयको पहुच बाहिर रहेकालाई भर्ना अभियान, सहज छात्रवृदिमा पहुच पुऱ्याउन शिक्षा शाखाको समन्वयमा शिक्षाको पहुच वृदि गर्ने कार्यका लागि ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

ङ) अपाङ्गता भएका बालबालिका स्वास्थ्यको पहुच नपुगेका लागि उपचारमा सहजता पुऱ्याउन स्वास्थ्य शाखाको समन्वयमा स्वास्थ्यमा पहुच वृद्धि गर्ने कार्यका लागि ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

च) अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरुका लागि सहायक सामाग्री उत्पादन तथा वितरणका लागि ५ प्रतिशत रकम खर्च गर्न सकिनेछ ।

**१०.** समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको बिस्तार, स्वीकृती र प्रतिवेदन सम्बन्धमा कार्यविधि अनुसार गर्नु पर्दछ ।

क) सि.वि.आर संस्थाले सि.वि.आर समन्वय तथा अनुगमन समितिमा कार्यक्रम तथा खर्च स्वीकृत गराई गर्ने गराउने गर्नु पर्दछ । उक्त रकम खर्च गर्दा कार्यक्रम संचालन निर्देशिका अनुसार गर्नु पर्दछ ।

ख) कार्यक्रमको वार्षिक प्रतिवेदन कार्यविधिमा तोकिए अनुसारको प्राथमिकता प्राप्त क्षेत्रमा के कसरी भएका छन उपलब्धी सिकाई र कमीकमजोरीहरुलाई समेत उल्लेख गरी बागमती प्रदेश सामाजिक बिकास मन्त्रालय ,पनौती नगरपालिका , पनौती नगरपालिका महिला शाखामा पठाउनु पर्नेछ ।

**११.** अन्तरक्रिया कार्यक्रम संचालन कार्यविधिमा तोकिए अनुसार गर्नु गराउनु पर्दछ ।

क) सि.वि आर कार्यक्रम संचालन गर्न छनौट भएको संस्थाले सि.वि आर कार्यक्रम संचालन गर्ने संस्थाका कर्मचारी , पनौती नगरपालिका महिला शाखाका कर्मचारी र अपाङ्गता क्षेत्रमा काम गर्ने सबै संस्थाका प्रतिनिधिहरुलाई १ दिने अपाङ्गता सम्बन्धि विषय नियम तथा भौतिक संरचना संचार सेवा पहुच सम्बन्धि निर्देशिका लगायतका विषयमा अन्तरक्रिया संचालन गर्नु पर्दछ ।

ख) कार्यक्रममा सहभागी सदस्यहरुलाई खाजाको मात्र व्यवस्थापन गर्नु पर्दछ ।

**१२.** श्रोत ब्यक्ति सम्वन्धमा सि.वि.आर. निर्देशिका अनुसार गर्नु/गराउनु पर्दछ ।

क. अपाङ्गता विषयमा प्रशिक्षकका लागी प्रशिक्षकले प्रशिक्षक प्रशिक्षण तालिम लिएको ब्यक्ति हुनु पर्दछ ।

ख. एक दिनमा ३ वटा सेसन संचालन गर्नु पर्ने छ ।

ग. श्रोत ब्यक्तिलाई प्रति कक्षा रु १०००। का दरले उपलब्ध गराउन सकिने छ ।

घ. तालिम सामाग्री सहभागिहरुलाइ खाजा , स्टेस्नरी र भैपरि खर्च प्रचलित नियमानुसार गर्न सकिने छ

**१३. बैठक भत्ता :** १ सि.वि.आर समन्वय तथा अनुगमन समितिका अध्यक्ष वा सदस्यहरुले समितिको बैठकमा सहभागी भए वापत नगरपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत उपलब्ध गराइनेछ ।

**१४. निर्देशन दिन सक्ने :** कार्यपालिकाले संस्था तथा सि.वि.आर समन्वय तथा अनुगमन समितिले गरेका काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ

**१५. विविध :** यो निर्देशिकामा थपघट हेरफेर गर्नु परेमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

२०. **बाधा अड्काउ फुकाउ** : यो कार्यविधिमा थपघट हेरफेर गर्नुपरेमा नगरकार्यपलिकाको निर्णय बमोजिम हुनेछ ।

**२१. खारेजी र बचाउ :** यो कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

पनौती नगरपालिका, २०६३

# अनुसूची १

## १. संस्था छनौटका लागि मुल्याङ्कन गर्ने आधारहरु

***क. अपाङ्गताको क्षेत्रमा कार्यरत संस्था :***

विगतमा सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव

१ वर्ष भन्दा कम

१ वर्ष देखि ३ बर्ष सम्म

३ वर्ष भन्दा माथि

***ख. संस्थामा कार्यरत तलबी कर्मचारीको संख्या :***

१ देखि ४ जना

५ जना भन्दा माथि

***ग. भौतिक पूर्वाधारको अवस्था***

१. कार्यालयको आफ्नै भवन कम्पाउण्ड समेत, कार्यालय कोठा मात्र, टेलिफोन, फर्निचार, कम्प्यूटर आदि ।

२. संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली ।

३. स्थानिय तहले निर्धारण गरेका अन्य आधारहरु ।

## २. संस्था छनौट प्रक्रियामा दरखास्तसँगै बुझाउनुपर्ने कागजपत्र तथा दस्तावेजहरु

क) अपाङ्गता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात,

ख) संस्था दर्ता नविकरण, विधान, प्रशासनिक र आर्थिक नियमावलीको छाँयाकपी,

ग) समाज कल्याण परिषद्को आवद्धता प्रमाण पत्र

घ) गत वर्षको वार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन,

ङ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्साउने कागजात ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०९/२२**

**रामप्रसाद वाग्ले**

**प्रमुख प्रशासकीय अधिकृत**